महत्त्वपूर्ण

कृपया म्याद भित्र कागजातहरू पेश गर्नुहोस्!

# हाई स्कुल आदि शिक्षण शुल्क सहायता कोष

यो प्रणाली प्रयोग गरेर मासिक शिक्षण शुल्क वा वार्षिक पाठ्यक्रम शुल्कलाई ० येन बनाउन चाहनुहुन्छ भने, आवेदन दिनु पर्नेछ।

## ◆ आवेदन दिने तरिका

① विद्यालयको कार्यालयबाट कागजी आवेदन फारम दिइनेछ, त्यसैले कृपया आफ्नो ठेगाना, नाम आदि भर्नुहोस्।

② 'तयार गर्नुपर्ने कुरा' मा उल्लेख गरिएका कागजातहरू आवेदन फारमसँगै विद्यालयको कार्यालयमा पेश गर्नुहोस्।

आवेदनको म्याद :　　महिना　　दिन（　）सम्म

## ◆ योग्य व्यक्तिहरू

・अहिलेसम्म उच्च मा.वि. पास नभएका विद्यार्थीहरू

・उच्च मा.वि.मा भर्ना भएको कुल अवधि 36 महिना (अंशकालीन पाठ्यक्रमको हकमा 48 महिना) ननाघेका विद्यार्थीहरू

※यसका अतिरिक्त आय सम्बन्धी सर्तहरू आदि पनि छन्।
विस्तृत जानकारीका लागि कृपया वेबसाइटमा हेर्नुहोस्।

Kanagawa Pref.　　MEXT

## ◆ तयार गर्नुपर्ने कुरा

(A)तलका कागजातहरूमध्ये एउटा तयार गर्नुहोस्।

सम्पूर्ण अभिभावक (अभिभावकत्व भएका व्यक्ति) हरूको (बुबा र आमा दुवै हुनुहुन्छ भने, दुवै जनाको) कागजात आवश्यक पर्नेछ।

| | |
|---|---|
| □नगरपालिका निवासी कर · प्रिफेक्चरल निवासी करको कर निर्धारण (कर छुट) प्रमाणपत्र ※<br>(सक्कल वा प्रतिलिपि) | □जीवन निर्वाह सहायता प्राप्तिको प्रमाणपत्र<br>(सक्कल) |
| आर्थिक वर्ष 2026 को आवश्यक पर्नेछ।<br>※नगरपालिकाको काउन्टरमा प्रमाणपत्र जारी गराउँदा, विद्यालयबाट प्राप्त गरेका सबै कागजातहरू काउन्टरमा देखाउनुहोस्। | 1 जनवरी 2026 को अवस्थामा जीवन निर्वाह सहायता प्राप्त गरिरहेको पुष्टि हुने कागजात आवश्यक पर्नेछ। |

## ◆ यस्ता अवस्थामा, कार्यालयमा अनिवार्य रूपमा सम्पर्क गर्नुहोस्

- अभिभावक (अभिभावकत्व भएका व्यक्ति) मा परिवर्तन भएको बेला
- ठेगानामा परिवर्तन भएको बेला
- राष्ट्रियता वा बसोबास-भिसा परिवर्तन भएको, बसोबास अवधिको नवीकरण आदि भएको बेला
- अभिभावक आदिको आय अवस्थामा परिवर्तन (आयको संशोधित घोषणा, कर रकमको सुधार, वा घरायसी आर्थिक अवस्थामा आकस्मिक परिवर्तन) भएको बेला

केही कुरा बुझ्नुभएन भने, कृपया यहाँ फोन गर्नुहोस्।
कानागावा प्रिफेक्चरल ○○ उच्च मा.वि. कार्यालय
TEL ○○○—○○○—○○○○